# प्रेस विज्ञप्ति- २४३

# Press Release-243

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०९।१९ गते।

## भारतिय कन्टेनर ट्रक भित्र लुकाई छिपाई राखेको २३५ किलो अवैध लागू औषध चरेस सहित २ जना मानिस पक्राउ।

धादिङ जिल्लामा लागू औषध चरेसको कारोबार भईरहेको छ भन्ने विशेष सूचनाको आधारमा **लागू औषध नियन्त्रण ब्यूरो काठमाण्डौंबाट प्रहरी नायव उपरिक्षकको कमाण्डमा खटी गएको टोलीले शंकास्पद स्थान, सवारी साधन तथा शंकित व्यक्तिको** खोजतलास गर्ने क्रममा **मिति २०७५।०९।१९ गते बिहान ०३:०० बजे** जिल्ला धादिङ्ग गजुरी गाँउ पालिका वडा नं. १ स्थित गजुरी बजारबाट मुग्लिङ - चितवन तर्फ जाँदै गरेको शंकास्पद **भारतिय नं. प्लेट HR 38 S9371** को **कन्टेनर ट्रक** लाई रोकी खानतलास गर्दा उक्त ट्रकको क्याविनको माथिको भागमा फल्स बटम बनाई, प्लाष्टिकको १२ वटा बोरा भित्र २३३ वटा प्लाष्टिकमा पोका पारी लुकाई छिपाई लैजान लागेको लागू औषध **चरेस २३५ (दुई सय पैतिस) किलो** सहित **भारत उत्तर प्रदेश, एटा निघौली खुर्द, चितापुर ग्राम, सिकोहावाद रोड बस्ने बर्ष ३० को ट्रक चालक सतेन्द्र सिंह वेघल र जिल्ला पर्सा साविक सोन बर्षा गा.बि.स. वडा नं. ५ हाल पटेर्वा सुगौली गा.पा वडा नं. १ बस्ने बर्ष ५० को लाल महम्मद गद्धी** समेत २ जनालाई पक्राउ गरी उक्त ट्रक सहित निजहरुलाई कानूनी कारवाहीका लागि ईलाका प्रहरी कार्यालय गजुरी, धादिङमा बुझाई थप अनुसन्धान भईरहेको।

पक्राउ परेका मध्ये लाल मोहम्मद गद्धी अवैध लागू औषध ओसार पसार कार्यमा लामो समय देखि संलग्न रही आएको र विगतमा लागू औषध (चरेस) मुद्दामा भारतिय जेलमा ३ बर्ष ६ महिना कैद सजाय समेत भुक्तान गरी सकेको र लामो समय देखि ट्रकको प्रयोग गरी चरेसको ओसार पसार कार्यमा संलग्न हुँदै आएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको।

बरामद लागू औषध चरेसको अवैध बजार मूल्य अं.रू. ५०,०००००।–(पचास लाख) हुन आउने।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com


N.P.R.W. CARIER
PERMIT
॥ जय शनि देव ॥
HR38 S9371
बेटी बचाओ
बेटी पढाओ






औषध नियन्त्रण ब्युरो
GOVERNMENT OF NEPAL
काठमाण्डौं




• जय श्री बाला जी महाराज •
N.P. R.W.
बेटी बचाओ
बेटी पढ़ाओ
Isha Amish
Divya Ankit
Speed 40Km
SLOW
HORN
HR38 S9371
USE DIPPER
Keer Distance
Stop


लागु औषध चरेश
२३५ के.जी
(मिति २०७५।०९।१९ गते ।)


NEPAL POLICE